बैठक नं.१२

आज मिति २०८३/०१/२० गतेका दिन यस बुटवल उपमहानगरपालिकाका प्रमुख श्री खेलराज पाण्डेयज्यूको अध्यक्षता र देहायका नगरकार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको ३:०० बजे ।

स्थान : बुटवल उपमहानगरपालिका, नगरकार्यपालिकाको सभांहल ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | खेलराज पाण्डेय | प्रमुख | |
| २ | सावित्रादेवी अर्याल | उपप्रमुख | |
| ३ | नरेन्द्र बस्नेत | सदस्य | |
| ४ | सुनिल शाक्य | सदस्य | |
| ५ | विष्णु ढकाल | सदस्य | |
| ६ | नरिश्वर शर्मा | सदस्य | |
| ७ | हरि प्रसाद श्रेष्ठ | सदस्य | |
| ८ | लोकनाथ न्यौपाने | सदस्य | |
| ९ | पदमराज गाहा | सदस्य | |
| १० | यज्ञ प्रसाद पंगेनी | सदस्य | |
| ११ | प्रदिपकुमार श्रेष्ठ | सदस्य | |
| १२ | बल बहादुर पुन | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |
| १४ | डिल्ली प्रसाद शर्मा उपाध्याय | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | शिव राना | सदस्य | |
| १८ | कृष्ण प्रसाद पौडेल | सदस्य | |
| १९ | ज्ञान बहादुर रेश्मी | सदस्य | |
| २० | गुरु प्रसाद पंगेनी | सदस्य | |
| २१ | चन्द्रसिंह थापा मगर | सदस्य | |
| २२ | निलम गौतम | सदस्य | |
| २३ | कृष्ण बहादुर सुनार | सदस्य | |
| २४ | बसन्ती वि.क. | सदस्य | |
| २५ | रिना भुसाल | सदस्य | |
| २६ | सुनिता खड्लुक | सदस्य | |
| २७ | राधादेवी पौडेल | सदस्य | |
| २८ | यम बहादुर सुनार | सदस्य | |
| २९ | हेमा थामी | सदस्य | |
| ३० | दीपक ज्ञवाली | प्रमुख प्रशासकीय अधिकृत | |

अरुण कुमार श्रेष्ठ - का० वा० वडाध्यक्ष - ४
गंगा कुमारी विक० - का० वा० वडाध्यक्ष - १२

प्रस्ताव नं. १२.१
मिति २०८३/०१/०२ मा बसेको नगरकार्यपालिकाको एघारौ बैठकबाट पारित भएका निर्णयहरुको समीक्षा सम्बन्धमा ।

निर्णय नं. १२.१

- तिनाउँ नदी अन्तर्गत वडा नं. ११ र १७ का वुद्धनगर पुल देखि मगरघाट पुलसम्म र दानव नदीको वडा नं. १२, १३, १४ र १५ को प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन स्वीकृत गरिएको ।
- वा आमासंग नगर प्रमुख स्वास्थ्य जाँच उपचार सम्वन्धी कार्यविधि, २०८१ (दोस्रो संशोधन) माथि संशोधन गरी कार्यान्वयनमा समेत आइसकेको ।
- तिलोत्तमा हस्पिटल प्रा.लि.बुटवल–६ स्थापनाका लागि सिफारिस गर्ने गरी निर्णय लिइएको ।
- जितगढी उत्सव दिवस मनाउनका लागि आवश्यक निर्णय लिईएको र जितगढी उत्सव दिवस सम्पन्न समेत गरिएको ।
- चालु आ.व. ०८२/०८३ को लागि स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम विनियोजन ऐन, २०८२ बाट पारित भएका योजना तथा कार्यक्रमहरुको सम्झौता गर्ने अवधि २०८३ वैशाख मसान्त सम्मका लागि थप गर्ने गरी निर्णय लिईएको ।
- स्वामित्व परिवर्तन नहुने प्रकृतिका सार्वजनिक भवन संरचनाहरुको विधि सम्मत तरिकाले मर्मत तथा पुन निर्माणको कार्य प्रक्रिया अगाडि बढाउने गरी निर्णय लिईएको ।
- स्थानीय निजामती सेवा नियमावली, २०८१ बमोजिमं कर्मचारीहरुको लागि पदनाम दिने गरी कार्यालयबाट भएको निर्णय स्वीकृत एवं अनुमोदन गरिएको ।
- विद्यालयस्तरीय सांस्कृतिक कार्यक्रम र विद्यालयस्तरीय फुटवल प्रतियोगिता संचालन गर्ने गरी निर्णय लिईएको ।

प्रस्ताव नं. १२.२
नदीजन्य पदार्थको व्यवस्थापन सम्वन्धमा ।

निर्णय नं. १२.२

(क) प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा ।

बुटवल उपमहानगरपालिका,तिलोत्तमा नगरपालिका र जिल्ला समन्वय समिति, रुपन्देहीको संयुक्त बैठकको मिति २०८२।१२।१७ को निर्णयअनुसार तिनाउँ नदी (बुटवल-तिलोत्तमा सिमाना) बाट नदीजन्य पदार्थ व्यवस्थापनका लागि तयार गरिएको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तिलोत्तमा नगरकार्यपालिकाबाट मिति २०८२।१२।२३ मा स्वीकृत भइसकेको छ । सोही अनुरूप बुटवल

उपमहानगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ को दफा ६(२) बमोजिम देहायको विवरण सहितको उक्त प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

| क.सं. | घाटको नाम | ठेगाना | उत्खनन् योग्य परिमाण(घ.मि.मा) | उत्खनन् योग्य परिमाण(घ.फु.मा) | शुन्यान्तर गर्दाको परिमाण(घ.फु.मा) |
|---|---|---|---|---|---|
| १ | तिनाउँ नदी -गोरकट्टा पुलदेखि उत्तर तर्फको क्षेत्र | बुटवल १८ र तिलोत्तमा न.पा.०६(संयुक्त क्षेत्र) | ३५७७८.१० | १२६३५०३.६० | १२६३५००.०० |

(ख) नदीजन्य पदार्थ सम्बन्धी संक्षिप्त प्राविधिक प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा ।

बुटवल उपमहानगरपालिका, तिलोत्तमा नगरपालिका र जिल्ला समन्वय समिति, रुपन्देहीको संयुक्त बैठक (मिति २०८२।१२।१७) बाट तिनाउँ नदीको नदीजन्य पदार्थ व्यवस्थापन सम्बन्धी प्रतिवेदन दुवै पालिकाबाट स्वीकृत गर्ने निर्णय भएको थियो। सोही अनुसार तिलोत्तमा नगरकार्यपालिकाले मिति २०८२।१२।२३ मा उक्त प्रतिवेदन स्वीकृत गरिसकेको छ। वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ बमोजिम प्रस्ताव कार्यपालिका समक्ष पेश हुनुपर्ने व्यवस्था अनुसार,देहायका घाटक्षेत्रमा पक्की पुल पर्ने र उत्खनन् गर्ने स्थल उक्त पुलबाट ५०० मिटर माथि र १००० मिटर तलतिरको क्षेत्र उत्खनन् गर्न नमिल्ने, मापदण्डभित्र पर्ने तर उक्त स्थलबाट नदीजन्य पदार्थ नहटाईएमा वर्षातमा बाढीको जोखिम हुने देखिएकोले उक्त क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन एवम् संकलन गर्नका लागि जिल्ला विपद् व्यवस्थापन समिति ,रुपन्देहीबाट स्वीकृति लिई कार्य गर्ने गरी देहाय बमोजिमको परिमाण भएको प्राविधिक प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

| क.सं. | घाटको नाम | ठेगाना | उत्खनन् योग्य परिमाण( घ.मि.मा) | उत्खनन् योग्य परिमाण(घ.फु.मा) | शुन्यान्तरगर्दाको परिमाण(घ.फु.मा) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | डिंगरनगर/हरिहरपुर उत्तर क्षेत्र | बुटवल १७ र तिलोत्तमा ०४ (संयुक्त क्षेत्र) | ३४०८५.०० | १२०३७२४.०० | १२०३५००.०० | |
| २ | डिंगरनगर/हरिहरपुर दक्षिण क्षेत्र | बुटवल १७ र तिलोत्तमा ०४ र ०६ ( संयुक्त क्षेत्र) | २०१६४।३२ | ७१२१०२।९६ | ७१२०००.०० | |

प्रस्ताव नं. १२.३

नदीजन्य पदार्थको उत्खनन् एवम् संकलन सम्बन्धी कार्ययोजना स्वीकृत गर्ने सम्बन्धमा ।

निर्णय नं. १२.३

बुटवल उपमहानगरपालिकाबाट जारी भएको प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी ऐन,२०८१ परिच्छेद -२ उत्खनन् ,संकलन र घाटगद्दी सम्बन्धी व्यवस्था अन्तर्गत दफा ३ (१) मा नगरपालिकाले उत्खनन् र संकलन गर्न हुने र नहुने क्षेत्र,नदीजन्य पदार्थ उपलब्ध हुने नदी,खोला तथा नदी उकास क्षेत्रको विवरण र उपलब्ध हुन सक्ने अनुमानित वार्षिक परिमाण, पूर्वाधार निर्माणको लागि चाहिने परिमाण र स्रोतको उपलब्धता,भण्डारण वा घाटगद्दी स्थल,विकी वितरणको प्रकृया, संकलनको विधि र प्रयोग हुने मेशीनरी औजार र प्राप्त हुने अनुमानित आम्दानी समावेश गरी नदीजन्य पदार्थ उत्खनन्,संकलन,घाटगद्दी र बिक्री वितरण सम्बन्धी वार्षिक कार्ययोजना बनाउनु पर्ने व्यवस्था भएको साथै ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७को दफा ४ को उपदफा १(क) मा गाउँपालिका वा नगरपालिकाले नदीजन्य पदार्थको संकलन,उत्खनन् र विक्री गर्दा उत्खनन् र संकलन सम्बन्धी कार्ययोजना तयार गरी गाउँ वा नगरकार्यपालिकाबाट स्वीकृत गर्नुपर्नेछ भन्ने व्यवस्था बमोजिम यस बुटवल उपमहानगरपालिकाको चालु आ.व. २०८२/०८३ को लागि देहाय बमोजिमको नदीजन्य पदार्थको उत्खनन् एवम् संकलन सम्वन्धी कार्ययोजना स्वीकृत गर्ने निर्णय गरियो ।

# बुटवल उपमहानगरपालिका

बुटवल ,रुपन्देहीं. प्रदेश, नेपाल

ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ (क) बमोजिम)

नदीजन्य पदार्थ उत्खनन्, संकलन गरी बिक्री वितरण कार्य गर्नु पूर्वको कार्ययोजना

आ.व.२०८२।०८३

१. उत्खनन् र संकलन गर्न हुने र नहुने क्षेत्र सम्बन्धी विवरण

| सि.नं. | उत्खनन् र संकलन गर्न हुनेक्षेत्र | उत्खनन् र संकलन गर्न नहुनेक्षेत्र | कैफियत | कैफियत |
|---|---|---|---|---|
| १ | तिनाउँ नदी | सडक पुल तथा झोलुङ्गेपुलको १००० मिटर तल र ५०० मिटर माथि | विपद् | ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ को दफा ४ को उपदफा १० बमोजिम |
| २ | दानव नदी | सडक पुल तथा झोलुङ्गेपुलको १००० मिटर तल र ५०० मिटर माथि | विपद् | ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ को दफा ४ को उपदफा १० बमोजिम |

२. नदीजन्य पदार्थ उत्खनन् संकलन गरिने नदी तथा घाटको विवरण :

| सि.नं. | नदी तथा खोलाको नाम | उत्खनन् संकलन गरिने घाटको नाम | घाट रहेको स्थल | IEE बमोजिम उत्खनन् गर्न सकिने परिमाण | | अनुमानित न्युनतम राजस्व | |
|---|---|---|---|---|---|---|---|
| | | | | घनमीटर | घनफिट | दर | रकम रु. |
| १ | बमाहा खोला (चुरे | बुटवल १२र सैनामैना १ सिमानाको बमाहा खोला क्षेत्र १ | बुटवल १२ | १४३३६.६४ | ५०६२९२.७१ | १८ | ९११३२६८.७२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | क्षेत्र) | बुटवल १२र सैनामैना १ सिमानाको बमाहा खोला क्षेत्र २ | बुटवल १२ | १८४०९.९२ | ६५०१३८.९६ | १८ | ११७०२५०१.२९ |
| | | बुटवल १२र सैनामैना १ सिमानाको बमाहा खोला क्षेत्र ३ | बुटवल १२ | ८५४७.८४ | ३०१८६३.५५ | १८ | ५४३३५४३.९१ |
| | | बुटवल १२र सैनामैना १ सिमानाको बमाहा खोला क्षेत्र ४ | बुटवल १२ | ६६९२.४० | २३६३३९.४३ | १८ | ४२५४१०९.७२ |
| २ | तिनाउँ नदी | बुद्धनगर घाट (T1 ) | बुटवल ११ | २७६२२.०० | ९७५४६१.८२ | १८ | १७५५८३१२.७६ |
| | | सुजनानगर घाट (T2 ) | बुटवल ११ | २५५६७.५० | ९०२९०७.८३ | १८ | १६२५२३४०.९४ |
| | | रानीगञ्ज घाट (T3 ) | बुटवल ११ र १७ | २३९६५.९० | ८४६३४७.८५ | १८ | १५२३४२६१.३ |
| ३ | दानव नदी | ड्याम साइट घाट (D1 ) | बुटवल ११ | ५५३९.१० | १९५६०७.७८ | १८ | ३५२०९४०.०४ |
| | | झोलुङ्गे पुल घाट - D2 ) | बुटवल ११ र १३ | ७४०२.५ | २६१४११.८९ | १८ | ४७०५४१४.०२ |
| | | पदमपुर घाट - D3 ) | बुटवल १३ र १४ | २१०० | ७४१५९.४ | १८ | १३३४८६९.२ |
| | | दुर्गानगर घाट - D4 ) | बुटवल १२ र १४ | ४२०० | १४८३१८.८ | १८ | २६६९७३८.४ |
| | | उजेलिपुर घाट - D5 ) | बुटवल १२ र १५ | ४२०० | १४८३१८.८० | १८ | २६६९७३८.४ |
| | | ढवाहा घाट - D6 ) | बुटवल १२ र १५ | ९४५० | ३३३७१७.३ | १८ | ६००६९११.४ |
| | | प्रदेश जनस्वास्थ्य प्रयोगशाला घाट - D7 ) | बुटवल १२ र १५ | ६३० | २२२४७.८२ | १८ | ४००४६०.७६ |
| | | तामनगर पुल घाट ( D8 ) | बुटवल १२ र १५ | ६५६२.५ | २३१७४८.१३ | १८ | ४१७१४६६.३४ |
| | | कृषि मण्डी घाट - D9 ) | बुटवल १५ र १६ | १४०० | ४९४३९.६० | १८ | ८८९९१२.८० |
| | | कुल जम्मा | | १६६६२६.३० | ५८८४३२१.६७ | | १०५९१७७९० |

## ३. पूर्वाधार निर्माणको लागि चाहिने परिमाण र स्रोतको उपलब्धता सम्बन्धी विवरण

| सि.नं. | उत्खनन् र संकलन गर्न हुनेक्षेत्र नदी | पूर्वाधार निर्माणको लागि चाहिने अनुमानित परिमाण | | स्रोतको उपलब्धता हुनेनदी तथा खोला | नदीजन्य पदार्थ माग गर्ने आयोजना/निकाय | कैफियत |
|---|---|---|---|---|---|---|
| | | घनमीटर | घनफुट | | | |
| १ | तिनाउँ नदी | आवश्यकतानुसार | | तिनाउँ नदी | १ बुटवल गोरुसिंगे चन्द्रौटा सडक योजना, बटवल | |
| २ | दानव नदी | आवश्यकतानुसार | | दानव नदी | २. सडक डिभिजन, बुटवल । | |

नोट : यस स्थानमा निर्माण हुने पुल आयोजनाको लागि नदीजन्य पदार्थ उपलब्ध गराउन माग भई आएमा तोकिएको राजस्व बुझाउने गरी नगरकार्यपालिकाको निर्णयानुसार आयोजनालाई प्रयोग गर्न दिन सकिनेछ ।

## ४. प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्बन्धी विवरण

| सि.नं. | नदी तथा खोलाको नाम | उत्खनन् संकलनका लागि स्वीकृत परिमाण | | IEE म्याद कायम रहने मिति |
|---|---|---|---|---|
| | | घनमीटर | घनफुट | |
| १ | बमाहा खोला ( दानव नदी ) | ४७९८६.८ | १६९४६०५.८५ | २०८४.०२.१२ |
| २ | तिनाउँ नदी | ७७१५५.४ | २७२४७१७.४९८ | २०८५.१२.३० |
| ३ | दानव नदी | ४१४८४.१० | १४६४९९७.३०६ | २०८५.१२.३० |
| | जम्मा | १६६६२६.३० | ५८८४३२१.६७ | |

## ५. कार्य योजनामा उल्लेखित नदी तथा घाटहरुबाट नदीजन्य पदार्थ संकलनबाट प्राप्त गर्न सकिने राजश्व रकम :

| सि.नं. | नदीको नाम | घाटको नाम | उत्खनन् परिमाण घनफुटमा | प्राप्त गर्न सकिने न्यूनतम राजश्व रु. |
|---|---|---|---|---|
| | | बुटवल १२र सैनामैना १ सिमानाको बमाहा खोला क्षेत्र १ | ५०६२९२.७१ | ९११३२६८.७२ |
| | | बुटवल १२र सैनामैना १ सिमानाको बमाहा खोला क्षेत्र २ | ६५०१३८.९६ | ११७०२५०१.२९ |

| | | | | |
|---|---|---|---|---|
| १ | बमाहा खोला ( दानव नदी ) | बुट्वल १२र सैनामैना १ सिमानाको बमाहा खोला क्षेत्र ३ | ३०१८६३.५५ | ५४३३५४३.९१ |
| | | बुटवल १२र सैनामैना १ सिमानाको बमाहा खोला क्षेत्र ४ | २३६३३९.४३ | ४२५४१०९.७२ |
| २ | तिनाउँ नदी | बुद्धनगर घाट (T1 ) | ९७५४६१.८२ | १७५५८३१२.७६ |
| | | सृजनानगर घाट (T2 ) | ९०२९०७.८३ | १६२५२३४०.९४ |
| | | रानीगञ्ज घाट (T3 ) | ८४६३४७.८५ | १५२३४२६१.३ |
| ३ | दानव नदी | ड्याम साइट घाट (D1 ) | १९५६०७.७८ | ३५२०९४०.०४ |
| | | झोलुङ्गे पुल घाट - D2 ) | २६१४११.८९ | ४७०५४१४.०२ |
| | | पदमपुर घाट - D3 ) | ७४१५९.४ | १३३४८६९.२ |
| | | दुर्गानगर घाट - D4 ) | १४८३१८.८ | २६६९७३८.४ |
| | | उजेलिपुर घाट - D5 ) | १४८३१८.८० | २६६९७३८.४ |
| | | ढावा घाट - D6 ) | ३३३७१७.३ | ६००६९११.४ |
| | | प्रदेश जनस्वास्थ्य प्रयोगशाला घाट - D7 ) | २२२४७.८२ | ४००४६०.७६ |
| | | तामनगर पुल घाट - D8 ) | २३१७४८.१३ | ४१७१४६६.३४ |
| | | कृषि मण्डी घाट - D9 ) | ४९४३९.६० | ८८९९१२.८० |
| | जम्मा | | ५८८४३२१.६७ | १०५९१७७९० |

**६. भण्डारण / घाटगद्दी स्थल : विगतका आ.व.हरुमा सम्बन्धित वडा कार्यालयको सिफारिसबाट तोकिएको स्थानमा घाटगद्दी गरिने गरेको अभ्यास रहेको ।**

| सि.नं. | नदीको नाम | घाटको नाम | उत्खनन् गर्ने स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | तिनाउं नदी | बुद्धनगरघाट,सृजनानगरघाट र रानीगञ्जघाट | बुद्धनगर,सृजनानगर र रानीगञ्ज | विगतका आ.व.हरुमा सम्बन्धित वडा कार्यालयको सिफारिसबाट तोकिएको स्थानमा घाटगद्दी गरिने |
| २ | दानव नदी | ड्याम साइट, झोलुङ्गे पुल, पदमपुर, | ड्याम साइट, झोलुङ्गे पुल, पदमपुर, | |

| | | | | |
|---|---|---|---|---|
| | | दुर्गानगर, उजेलिपुर,ढवाहा, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, तामनगर पुल र कृषि मण्डी | दुर्गानगर, उजेलापुर,ढावहा, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, तामनगर पुल र कृषि मण्डी | गरेको अभ्यास रहेको । |
| ३ | बमाहा नदी | बमाहा खोला क्षेत्र १, क्षेत्र २, क्षेत्र ३, र क्षेत्र ४, | बुटवल १२र सैनामैना १ सिमाना | |

## ७. बिकी वितरणको प्रकिया :

प्राकृतिक स्रोतको ठेक्का वन्दोबस्ती व्यवस्था प्राकृतिक स्रोत व्यवस्थापन सम्वन्धी ऐन, २०८१ को दफा ६ र ७ को व्यवस्था बमोजिम गरिने ।

## ८. संकलनको विधि र प्रयोग हुने मेशीनरी औजार :

| सि.नं. | नदीको नाम | घाटको नाम | घाटगद्दी जग्गाको स्वामित्व | प्रयोग हुने मेशीनरी औजार | कैफियत. |
|---|---|---|---|---|---|
| १ | बमाहा खोला ( दानव नदी ) | बमाहा खोला क्षेत्र १, क्षेत्र २, क्षेत्र ३, र क्षेत्र ४, | सार्वजनिक/निजी | JCB ,स्काभेटर ,टिप्पर तथा ट्याक्टर आदि । | IEE प्रतिवेदन बमोजिम |
| २ | तिनाउ नदी | बुद्धनगरघाट,सृजनानगरघाट र रानीगञ्जघाट | सार्वजनिक/निजी | JCB ,स्काभेटर ,टिप्पर तथा ट्याक्टर आदि । | IEE प्रतिवेदन बमोजिम |
| ३ | दानव नदी | ड्याम साइट, झोलुङ्गे पुल, पदमपुर, दुर्गानगर, उजेलिपुर,ढावहा, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, तामनगर पुल र कृषि मण्डी | सार्वजनिक/निजी | JCB ,स्काभेटर ,टिप्पर तथा ट्याक्टर आदि । | IEE प्रतिवेदन बमोजिम |

नोट : स्वीकृत IEE प्रतिवेदन बमोजिम हुनेछ ।

निजी जग्गामा घाटगद्दी जग्गाधनीको स्वामित्वको प्रमाण र यदि भाडामा लिएको भए जग्गाधनीसंगको सम्झौता पेश गर्नुपर्नेछ ।

## ९. अनुगमन पश्चात घाटगद्दीबाट बिक्री वितरण सम्बन्धी विवरण :

| सि.न. | नदीको नाम | घाटगद्दी स्थलको नाम | उत्खनन् संकलनका लागि अनुमति दिईने परिमाण | | घाटगद्दीबाट बिक्री प्रारम्भ गरिने मिति (अनुमानित) | बिक्री नदीजन्य पदार्थ ओसारपस र मार्ग | बिक्री वितरण बन्द गरिने मिति | कैपियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | घनमीटर | घनफुट | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | बमाहा खोला | बुटवल १२र सैनामैना १ सिमानाको बमाहा खोला क | १४३३६.६४ | ५०६२९२.७१ | २०८३ जेष्ठ २० | पछि तोकिने छ | २०८३ असार मसान्त | असार १ गते देखि भाद्र मसान्त सम्म पूर्ण रुप मा बन्द रहने छ। |
| | | बुटवल १२र सैनामैना १ सिमानाको बमाहा खोला ख | १८४०९.९२ | ६५०१३८.९६ | २०८३ जेष्ठ २० | | २०८३ असार मसान्त | |
| | | बुटवल १२र सैनामैना १ सिमानाको बमाहा खोला ग | ८५४७.८४ | ३०१८६३.५५ | २०८३ जेष्ठ २० | | २०८३ असार मसान्त | |
| | | बुटवल १२र सैनामैना १ सिमानाको बमाहा खोला घ | ६६९२.४० | २३६३३९.४३ | २०८३ जेष्ठ २० | | २०८३ असार मसान्त | |
| २ | तिनाउँ नदी | बुद्धनगरघाट,सृजनानगरघाट र रानीगन्जघाट | २७६२२.०० | ९७५४६१.८२ | २०८३ जेष्ठ २० | | २०८३ असार मसान्त | |
| | | | २५५६७.५० | ९०२९०७.८३ | २०८३ जेष्ठ २० | | २०८३ असार मसान्त | |
| | | | २३९६५.९० | ८४६३४७.८५ | २०८३ जेष्ठ २० | | २०८३ असार मसान्त | |
| ३ | दानव नदी | ड्याम साइट, झोलुङ्गे पुल, पदमपुर, दुर्गानगर, उजेलिपुर,ढावहा, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, तामनगर पुल र कृषि मण्डी | ५५३९.१० | १९५६०७.७८ | २०८३ जेष्ठ २० | | २०८३ असार मसान्त | |
| | | | ७४०२.५ | २६१४११.८९ | २०८३ जेष्ठ २० | | २०८३ असार मसान्त | |
| | | | २१०० | ७४१५९.४ | २०८३ जेष्ठ २० | | २०८३ असार मसान्त | |
| | | | ४२०० | १४८३१८.८ | २०८३ जेष्ठ २० | | २०८३ असार मसान्त | |
| | | | ४२०० | १४८३१८.८० | २०८३ जेष्ठ २० | | २०८३ असार | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | मसान्त | |
| | | ९४५० | ३३३७१७.३ | २०८३ जेष्ठ २० | | २०८३ असार मसान्त | |
| | | ६३० | २२२४७.८२ | २०८३ जेष्ठ २० | | २०८३ असार मसान्त | |
| | | ६५६२.५ | २३१७४८.१३ | २०८३ जेष्ठ २० | | २०८३ असार मसान्त | |

## १०. स्थानीय तहबाट गरिने अनुगमन सम्बन्धी कार्ययोजना :

क बुटवल उपमहानगरपालिकाको प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी ऐन,२०८१ को दफा १८ बमोजिम गठन भएको देहायको अनुगमन तथा व्यवस्थापन समितिबाट समग्र कार्यको अनुगमन गरिनेछ ।

| | | | |
|---|---|---|---|
| १ | संयोजक | श्री सावित्रा देवी अर्याल | उप-प्रमुख |
| २ | सदस्य | श्री दिपक ज्ञवाली | प्रमुख प्रशासकीय अधिकृत |
| ३ | सदस्य | श्री | सम्बन्धित वडाको वडाध्यक्ष |
| ४ | सदस्य | श्री नारायण प्रसाद पुन | नगरसभाका सदस्य मध्येबाट कार्यपालिकाले तोकेको ३ जना सदस्य |
| ५ | सदस्य | श्री तुल्सी बहादुर चौधरी | |
| ६ | सदस्य | श्री पवित्रादेवी श्रेष्ठ | |
| ७. | सदस्य | श्री शंकर ब. शाह | नगर प्रमुखले तोकेको २ जना सदस्य |
| ८ | सदस्य | श्री केशवराज पाण्डे | |
| ९ | सदस्य | श्री मिना थापा तुलाधर | सामाजिक तथा सम्बन्धित व्यावसायिक क्षेत्रमा काम गर्ने संघ संस्था वा व्यक्ति मध्येबाट समितिले छनौट गरेको १ जना |
| १० | सदस्य | ई.श्री गौतम रौनियार | शहरी पूर्वाधार महाशाखा प्रमुख |
| ११ | सदस्य सचिव | श्री मित्रमणि खनाल | वित्त व्यवस्थापन महाशाखा प्रमुख |

ख त्यसै गरि अनुगमन तथा व्यवस्थापन समितिको कार्यलाई सहयोग गर्न दफा २० बमोजिम गठन भएको देहायको स्थानीय अनुगमन समितिले दैनिक रुपमा अनुगमन गर्नेछ ।

संयोजक : श्री सम्बन्धित वडाध्यक्ष

सदस्य: श्री प्राकृतिक स्रोत तथा सम्पत्ती व्यवस्थापन शाखा प्रमुख

सदस्य: श्री सम्बन्धित टोल विकास संस्थाका अध्यक्ष

आवश्यकतानुसार कार्यालयका अन्य कर्मचारीहरु समावेश गर्न सकिनेछ ।

११. जिल्ला अनुगमन तथा व्यवस्थापन समितिलाई कार्यादेश पश्चात अनुगमनका लागि पत्राचार गरी अनुरोध गरिनेछ ।

१२. कार्ययोजना कार्यान्वयन गर्न कार्यालयबाट तोकिएका प्राविधिक कर्मचारी : ई. किशोर खनाल र वातावरण ई.,योगेश चापागाई ।

१३. प्रारम्भिक वातावरणीय परीक्षण ।EE र प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी ऐन,२०८१अनुसार निर्धारित शर्त परिपालना गराउन सम्बन्धित स्थानीय तहको योजना रहनेछ ।

१४. प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन(।EE) यस कार्ययोजनाको मूल डकुमेण्ट मानिनेछ ।

१५. प्रस्तुत कार्ययोजना देहायका सन्दर्भ सामग्री प्रयोग गरी तयार गरिएको हो ।

- बुटवल उपमहानगरपालिकाको प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी ऐन, २०८१
- बुटवल उपमहानगरपालिकाको आर्थिक ऐन, २०८२
- नेपाल सरकारद्वारा जारी ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७

(ख) तिलोत्तमा नगरपालिकाबाट प्राप्त नदीजन्य पदार्थको उत्खनन् एवम् संकलन सम्बन्धी कार्ययोजना स्वीकृत गर्ने सम्बन्धमा ।

बुटवल उपमहानगरपालिका, तिलोत्तमा नगरपालिका र जिल्ला समन्वय समिति, रुपन्देहीको संयुक्त बैठक ( मिति २०८२।१२।१७) बाट तिनाउ नदीको नदीजन्य पदार्थ व्यवस्थापन सम्बन्धी प्रतिवेदन दुवै पालिकाबाट स्वीकृत गर्ने निर्णय भएको थियो। सोही अनुसार तिलोत्तमा नगरकार्यपालिकाले मिति २०८२।१२।२३ मा उक्त प्रतिवेदन स्वीकृत भई तिलोत्तमा नगरपालिका नगरकार्यपालिकाको कार्यालयको मिति २०८२।१२।२६ को पत्र र निर्णय मिति २०८३।०१।१६ मा प्राप्त हुन आएकोले प्राविधिक प्रतिवेदन बमोजिम तिनाउँ नदीको नदीजन्य पदार्थको उत्खनन् एवम् संकलन सम्बन्धी कार्ययोजना समेत स्वीकृत गर्ने निर्णय गरियो ।

कार्य योजनामा उल्लेखित नदी तथा घाटहरुबाट नदीजन्य पदार्थ संकलनबाट प्राप्त गर्न सकिने राजश्व रकम :

| सि.नं. | नदीको नाम | घाटको नाम | ठेगाना | उत्खनन् परिमाण घनफुटमा (शुन्यान्तरमा) | प्रति घन फुट दर (भ्याट बाहेक) | प्राप्त गर्न सकिने न्यूनतम राजश्व रु. |
| --- | --- | --- | --- | --- | --- | --- |
| १ | तिनाउं नदी | डिंगरनगर/हरिहर पुर उत्तर क्षेत्र | बुटवल १७ र तिलोत्तमा ०४ (संयुक्त क्षेत्र) | १२०३५००.०० | १८ | २१६६३०००.०० |
| | | डिंगरनगर/हरिहर पुर दक्षिण क्षेत्र | बुटवल १७ र तिलोत्तमा ०४ र ०६ (संयुक्त क्षेत्र) | ७१२०००.०० | १८ | १२८१६०००.०० |
| | जम्मा | | | १९१५५००.०० | | ३४४७९०००.०० |

प्रस्ताव नं. १२.४

टिकट काउण्टर व्यवस्थापन सम्वन्धी निर्णय अनुमोदन सम्बन्धमा ।

निर्णय नं. १२.४

बुटवल शहरको सौन्दर्यीकरण गर्दै एक आधुनिक तथा व्यवस्थित शहर निर्माण गरी "समानता,स्वाभिमान र अवसर - वस्न योग्य बुटवल सहर"को नीतिलाई अबलम्बन गर्दै बुटवल उपमहानगरपालिकाको स्वीकृत वार्षिक नीति तथा कार्यक्रम अन्तर्गत वडा नं. ९ स्थित लुम्बिनी बस टर्मिनल परिसरमा पूर्वाधार निर्माणको कार्य प्रकृयामा रहेको । सोही टर्मिनल परिसरमा रहेको नयाँ टर्मिनल भवन मर्मत संभार भई भूई तलाको पूर्व तर्फ १२ वटा र पश्चिम तर्फ प्रस्तावित १२ वटा टिकट काउण्टर गरी कूल २४ वटा टिकट काउण्टर व्यवस्थापन गर्नु पर्ने । बुटवल उपमहानगरपालिकाबाट विभिन्न मितिमा अनुमति प्राप्त गरी टिकट काउण्टर संचालनमा रहेका विभिन्न यातायात व्यवसायीहरुलाई देहाय बमोजिम एकीकृत रुपमा व्यवस्थित गरी व्यवस्थापन/सञ्चालन गर्ने सम्बन्धमा मिति २०८३।०१।१५ मा भएको नगरप्रमुखस्तरीय निर्णय अनुमोदन गरियो ।

| काउन्टर नं. | यातायात व्यवसायी/कम्पनीको नाम | कैफियत |
| --- | --- | --- |
| १ | पश्चिम नेपाल वस व्यवसायी प्रा.लि., बुटवल | |
| २ | पश्चिम नेपाल वस व्यवसायी प्रा.लि., बुटवल | |
| ३ | पश्चिम नेपाल वस व्यवसायी प्रा.लि., बुटवल | |
| ४ | बुटवल यातायात प्रा.लि., बुटवल र सिद्धार्थ सार्वजनिक यातायता प्रा.लि., रुपन्देही | |
| ५ | बुटवल यातायात प्रा.लि., बुटवल र सिद्धार्थ सार्वजनिक यातायता प्रा.लि., रुपन्देही | |
| ६ | बुटवल यातायात प्रा.लि., बुटवल र सिद्धार्थ सार्वजनिक यातायता प्रा.लि., रुपन्देही | |

| | | |
|---|---|---|
| ७ | पश्चिम नेपाल वस व्यवसायी प्रा.लि., बुटवल | |
| ८ | पश्चिम नेपाल वस व्यवसायी प्रा.लि., बुटवल | |
| ९ | पश्चिम नेपाल वस व्यवसायी प्रा.लि., बुटवल | |
| १० | पश्चिम नेपाल वस व्यवसायी प्रा.लि., बुटवल | |
| ११ | पश्चिम नेपाल वस व्यवसायी प्रा.लि., बुटवल | |
| १२ | पश्चिम नेपाल वस व्यवसायी प्रा.लि., बुटवल | |

प्रस्ताव नं. १२.५

नदीजन्य पदार्थको आय ठेक्का वन्दोवस्ती सम्वन्धी प्रक्रिया अगाडि वढाउने सम्वन्धमा ।

निर्णय नं. १२.५

बुटवल उपमहानगरपालिकाको नदीजन्य पदार्थको उत्खनन्/संकलन सम्बन्धी कार्ययोजना नगरकार्यपालिकाबाट स्वीकृत भएपश्चात मात्र आयठेक्का बन्दोबस्त गर्नुपर्ने कानूनी व्यवस्था भएको , असार १ गतेदेखि तीन महिनासम्म नदीजन्य पदार्थ उत्खनन् /संकलन गर्न नमिल्ने व्यवस्था रहेको, आयठेक्का बन्दोवस्त गर्न समय अपर्याप्त रहेको हुँदा र नगरको समग्र विकास निर्माण तथा सेवा सुविधा प्रवाह गर्न आवश्यक पर्ने वित्तीय स्रोतको सुनिश्चितता गर्न तथा संघीय,प्रदेश र नगरका स्वीकृत योजना कार्यान्वयनमा प्रभावित हुन नदिनको लागि बुटवल उपमहानगरपालिकाबाट चालु आ.व. २०८२/०८३ मा नदीजन्य पदार्थको उत्खनन् तथा संकलनका लागि आयठेक्का बन्दोवस्त गर्दा लुम्बिनी प्रदेशबाट जारी भएको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि,२०७५ को दफा ७ को उपदफा २ मा नदीजन्य पदार्थ उत्खनन् तथा संकलनको लागि पन्ध्र दिनको म्याद दिई दरभाउपत्र वा बोलपत्र सम्बन्धी सूचना राष्ट्रिय वा प्रदेश स्तरको दैनिक पत्रिकामा प्रकाशन गर्न सकिने व्यवस्था बमोजिम १५ दिनको सूचना दिई आयठेक्का बन्दोबस्त सम्वन्धी प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

प्रस्ताव नं. १२.६

वडा नं. १२ र १३ बाट उत्पादन हुने फोहोरको व्यवस्थापन सम्वन्धमा ।

निर्णय नं. १२.६

बुटवल उपमहानगरपालिका क्षेत्र भित्रको फोहोरको एकमुष्ट रुपमा व्यवस्थापन गर्नका लागि क्षेत्र एंव स्थानको अभाव भएको हुँदा सम्वन्धित वडाबाट उत्पादन भएको फोहोरलाई सम्वन्धित वडाहरुकै पायक पर्ने स्थानहरुमा नै व्यवस्थापन गर्न सहज हुने र ढुवानीका हिसावले समेत उपयुक्त हुने भएकोले वडा नं. १२ र १३ बाट उत्पादित फोहोरलाई वडा नं. १२ को KNIT देखि २.५ कि.मि. उत्तर तर्फको स्थान र वडा नं. १३ को मिलनपार्क उत्तर तर्फको जंगलमा दुवै स्थान दुवै वडाहरुले संयुक्त रुपमा प्रयोग गर्ने र वातावरणीय हिसावले समेत उचित हुने गरी फोहोर व्यवस्थापन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १२.७

जिर्ण भवन हटाउने सम्बन्धमा ।

निर्णय नं. १२.७

बुटवल उपमहानगरपालिका वडा नं. ४ स्थित साविकमा काठे पुल भनिएको स्थान देखि उत्तर तर्फ साविकमा महिला शिल्पकला रहेको भवन जिर्ण अवस्थामा रहेको र वर्षायाममा उत्तर तर्फबाट नालीमा पानी सहित बग्दै आउने झ्याङ्ग, झाडी र मिस्कट आदि आडकिदा नाली नै जाम हुने, सोको कारण वर्षायाममा अमरपथ बजार नै डुवानमा परि विपद् आइरहने र वर्षेनी बजार पसलका धनमालको ठूलो क्षति हुने गरेको हुँदा उक्त भवनमा संचालनमा रहेको पसल व्यवसायहरुलाई नियमानुसार खाली गर्न लगाई जिर्ण भवन हटाई ठाउं खाली गर्ने र उक्त खाली हुने स्थानमा (नालीलाई वाधा नपर्ने गरी मात्र) अस्थायी रुपमा व्यावसायिक भवन संरचना निर्माण प्रक्रिया अगाडि वढाउने निर्णय गरियो ।

प्रस्ताव नं. १२.८

मालपोत र नापी कार्यालयबाट प्रवाह हुने सेवा बुटवल उपमहानगरपालिकाबाट संचालन गर्न बुटवल उपमहानगरपालिका तयार रहेको सम्बन्धमा ।

निर्णय नं. १२.८

हाल सङ्घीय सरकार अन्तरगतबाट सम्पादन भइरहेको मालपोत कार्यालय र नापी कार्यालयबाट हुने कामकारवाहीहरुलाई स्थानीय तह मार्फत सम्पादन गराउने नेपाल सरकारको उद्देश्य अनुरुप यस उपमहानगर क्षेत्र भित्रका भूमि प्रशासन एंव व्यवस्थापन सम्वन्धी कार्यहरु मालपोत कार्यालय र नापी कार्यालयबाट सम्पादन हुदै आएका कामकारवाहीहरु सम्पादन गर्न बुटवल उपमहानगरपालिकालाई जिम्मेवारी दिएमा उपमहानगरपालिकाले पनि उक्त भुमि प्रशासन एंव व्यवस्थापन सम्वन्धी जिम्मेवारी वहन गर्ने व्यहोरा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नेपाल सरकारको सम्वन्धित मन्त्रालयमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

प्रस्ताव नं. १२.९

छाडा चौपाया व्यवस्थापन सम्बन्धमा ।

निर्णय नं. १२.९

यस बुटवल उपमहानगरपालिका क्षेत्र भित्र सवारी आवागमन र पैदलयात्रुहरु समेतलाई असर पर्ने गरी यत्रतत्र हिड्डुल गरिरहने साढे लगायतका पशुचौपायाहरुलाई नियन्त्रण गर्नुपर्ने भएको हुँदा मिति २०८३।२।३,४,५,६ र ७ गतेका दिन विहान विगतमा जस्तै सवै सुरक्षा निकायहरु लगायतका विभिन्न सामाजिक संघसंस्थाहरुबाट समेत आवश्यक सहयोग लिई सडकमा आश्रित छाडा चौपायाहरुलाई

बुटवल वडा नं. ९ स्थित शिवनगरमा रहेको बुटवल– खस्यौली (नन्दिनी) गौशालामा लगि व्यवस्थापन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १२.१०

सरसफाई सम्वन्धी नीति तथा ऐन निर्माण प्रक्रिया अगाडि बढाउने सम्वन्धमा ।

निर्णय नं. १२.१०

फोहोरलाई उचित हिसावले व्यवस्थापन गरी नगरलाई सुन्दर र सफा राख्नु पर्ने भएकोले कार्यालय प्रमुख स्तरबाट सवै काम सम्पन्न हुने गरी १ महिना भित्रमा सरसफाई नीति र सो संग सम्वन्धित ऐन निर्माण प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

प्रस्ताव नं. १२.११

विविध ।

प्रस्ताव नं. १२.११.१

फुटपाथ व्यवस्थापन सम्वन्धमा ।

निर्णय नं. १२.११.१

सडक पेटी सफाई गर्न आवश्यक भई सरसफाई गरिएको र उक्त सफाई कार्यक्रम प्रभावकारी भएको हुँदा हाल सम्म सडक पेटी सरसफाई सम्वन्धी भए गरेका कामकारवाहीहरुलाई अनुमोदन गरी अर्को व्यवस्था नभएसम्मका लागि फुटपाथ सफाई कार्यक्रमलाई निरन्तरता दिने निर्णय गरियो ।

प्रस्ताव नं. १२.११.२

सुखौरा खोला सम्वन्धमा ।

निर्णय नं. १२.११.२

बुटवल उपमहानगरपालिका अन्तरगत वडा नं. ४, ६, ७ र ८ हुदै वग्ने सुखौरा खोला फोहोर भएको र साघुरो हुदैं गएको समेत पाईएको हुँदा उक्त खोलाको क्षेत्राधिकार यकिन गरी अतिक्रमण भएको भएमा खाली गराउने तर्फ आवश्यक प्रक्रिया अगाडि वढाउने निर्णय गरियो ।

प्रस्ताव नं. १२.११.३

मृत्यू दर्ता रद्ध गर्नका लागि सिफारिस गर्ने सम्वन्धमा ।

निर्णय नं. १२.११.३

वुटवल उपमहानगरपालिका वडा नं १४ निवासी श्री मन बहादुर थापाको नाती हर्ष बहादुर थापा मगरको छोरा रत्न कुमारी थापा मगरको पति खेम बहादुर थापाको मिति २०४५/११/११ मा मृत्यु भई मिति २०४६/०१/०५ गते दर्ता नं ०१ मा दर्ता भएको र भूलवसले फेरी मिति २०४३/११/०७ मा खिम बहादुर थापा नाम राखी मिति २०५१/११/२३ गते दर्ता नं २४ राखी मृत्यु दर्ता गरेको देखिएको हुदाँ एउटै व्यक्तिको २ वटा मृत्यु दर्ता गरेकोमा राष्ट्रिय परिचयपत्र तथा पंजीकरण ऐन, २०७६ को दफा २४ र नियमावली २०७७ को परिच्छेद ३ को नियम २२ अनुसार पछिल्लो घट्ना दर्ता रद्द गर्नुपर्ने व्यवस्था भए बमोजिम मिति २०५१/११/२३ को दर्ता नं. २४ को मृत्यु दर्तालाई रद्द गर्न वडा कार्यालयको सरजमिन मुचुल्का, वडा समितिको निर्णय र १४ नं. वडा कार्यालयको च.न. १६३५ मिति २०८३।०१।१० को सिफारिस समेतका आधारमा उक्त मृत्यु दर्ता रद्द गर्न प्रमुख जिल्ला अधिकारी रुपन्देही समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १२.११.४

प्रदेश विशेष र समपुरक अनुदानका आयोजना छनौट गरी प्राथमिकताक्रम तोक्ने गरी भएको निर्णय अनुमोदन सम्बन्धमा ।

निर्णय नं. १२.११.४

लुम्बिनी प्रदेश योजना आयोगको सचिवालय र आर्थिक मामिला तथा योजना मन्त्रालय, राप्ती उपत्यका ( देउखुरी), नेपालको मिति २०८२/१२/२७ को प्राप्त पत्र बमोजिम आगामी आ.व. २०८३/०८४ का लागि प्रदेश विशेष र समपुरक अनुदान संचालन कार्यविधि (संशोधन) ले निर्दिष्ट गरे अनुसार देहाय बमोजिमको प्राथमिकताक्रम तोकी समपुरक अनुदानमा बुटवल उपमहानगरपालिकाको तर्फवाट ६० प्रतिसत लागत सहभागिताको सुनिश्चितता रहने प्रतिवद्धता सहित प्रदेश विशेष र समपुरक अनुदान अन्तर्गत देहायका आयोजना छनौट गरी विशेष अनुदान अन्तर्गका आयोजनाहरु लुम्बिनी प्रदेश योजना आयोग र समपुरक अन्तर्ग्रतका आयोजनाहरु आर्थिक मामिला तथा योजना मन्त्रालय, राप्ती उपत्यका (देउखुरी) नेपालमा अनुरोध गरी पठाईएको हुँदा सो सम्वन्धी निर्णय अनुमोदन गरियो ।

**(क) विशेष अनुदान तर्फ**

विशेष अनुदानमा कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको नाम र प्राथमिकताक्रम

| सि.नं. | आयोजनाको नाम र कार्यान्वयन स्थल | जम्मा लागत रकम रु. | प्राथमिकताक्रम | नयाँ/क्रमागत |
|---|---|---|---|---|
| १ | उजीरसिंह माध्यमिक विद्यालय अधुरो भवन निर्माण, बुटवल २ | ४ करोड | १ | नयाँ |
| २ | सुर्यौदय आधारभुत विद्यालय भवन थप निर्माण, बुटवल ११ | ४ करोड | २ | नयाँ |

**(ख) समपुरक अनुदान तर्फ**

समपुरक अनुदानमा कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको नाम र प्राथमिकताक्रम :

| सि.नं. | आयोजनाको नाम र कार्यान्वयन स्थल | जम्मा लागत रकम रु. | प्राथमिकताक्रम | नयाँ/क्रमागत |
|---|---|---|---|---|
| १ | जितेश्वरी माध्यमिक विद्यालय भवन निर्माण, बुटवल १३ | ३ करोड | १ | नयाँ |
| २ | गौशाला योगा हल निर्माण, बुटवल ७ | २ करोड | २ | नयाँ |
| ३ | गौशाला कृयापुत्री भवन निर्माण, बुटवल ७ | २ करोड | ३ | नयाँ |

प्रस्ताव नं. १२.११.५

आय अनुमान सम्वन्धमा ।

निर्णय नं. १२.११.५

बुटवल उपमहानगरपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को देहायको आधार सहितको अनुमानित आन्तरिक आयरु. ६२,००,००,०००।-(अक्षरुपी बैसठ्ठी करोड रुपैंया मात्र) सम्वन्धी विषय आजको वैठकमा जानकारी भयो । (आधारहरु आ.व. २०७९/०८० आन्तरिक आय रु. ४८,९९,०५,५७४.८९।-, आ.व. २०८०/०८१ आन्तरिक आय रु. ५२,९५,७१,४६२.०६।- र आ.व. २०८१/०८२ आन्तरिक आय रु. ५६,३१,६२,४६५.६५।-

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिँदै प्रमुखज्यूबाट वैठक समाप्त भएको जानकारी गराउनु भयो।